"कृषि, व्यापार र पर्यटन : हाम्रो सशक्त अभियान"

# नमोबुद्ध नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेंशी, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

०११-४०४०३१
०११-४०४०६८

पत्र संख्या : ०८०/०८१
चलानी नं. : ३३४

मिति : २०८०।०९।२९

विषयः कोभिड-१९ संक्रमणको जोखिम सम्बन्धमा नमोबुद्ध नगरपालिकाको अपिल।

हाल विश्वका केहि देशहरुमा कोभिड संक्रमण ओमिक्रोनको नयाँ सव- भेरियन्ट जे.एन.-१ को जोखिम बढिरहेको र छिमेकी देशहरुमा पनि संक्रमण तिब्र गतिमा फैलिईरहेकोले नमोबुद्ध नगरपालिकाले सोको महामारीबाट बच्न आवश्यक निगरानी, सूचना संप्रेषण एवं सम्बन्धित निकाय तथा संस्थाहरुसँग समन्वयकारी भूमिका निर्वाह गरिरहेको छ। यसै सन्दर्भमा देशका विभिन्न भागहरुमा विभिन्न उमेर समूहका व्यक्तिहरुबाट संकलित १६ वटा पि.सि.आर तथा एन्टिजन पजेटिव नमूनाहरुको राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले मिति २०८०।०९।२२ मा गरेको पछिल्लो जेनम सिक्वेएन्सिङ प्रविधिवाट परिक्षण गरिएका मध्ये ७ वटा नमूनामा ओमिक्रोनको सव- भेरियन्ट जे.एन.-१ पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जानकारी गराई सकेको छ ।

कोभिडको नयाँ सव-भेरियन्टको बढ्दो संक्रमणलाई मध्यनजर गर्दै यस नगरपालिकाका तराईसँगका सिधै सम्पर्क हुने शुरुआती प्रवेश विन्दु वार्ड नं ४, ६, ७ र २ मा पर्ने सवै स्वास्थ्य संस्थाहरुलाई सतर्क रहन, बनेपा बर्दिवास सडक लाईनमा पर्ने भकुण्डे एरियाका होटल लगायतका क्षेत्रहरुमा आवश्यक निगरानी गर्न र कोभिड १९ सँग मिल्दाजुल्दा लक्षण भएका व्यक्तिहरु भेटिएमा वा स्वास्थ्य संस्थामा आएमा वा शंका लागेमा तत्काल स्क्रीनिङको लागि सम्बन्धित निकायहरुमा सम्पर्क गरि उपचार व्यवस्थापनको लागि तयारी अवस्थामा रहन अनुरोध छ।

संक्रमण र संक्रमणको फैलावट रोकथाम गर्नका लागि आवश्यक पर्ने सबै जनस्वास्थ्यका मापदण्ड ( भिडभाडमा नजान, भौतिक दुरी कायम गर्न र साबुनपानीले हात धुन लगायत) पालन गर्न गराउन नमोबुद्ध नगरपालिका सम्बन्धित सबैमा हार्दिक अपिल गर्दछ ।

.....................
ईश्वरी प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत